बागमती प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

हेटौंडा, नेपाल

## सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०७९/११/१२)

यस मन्त्रालय र अन्तर्गतका काठमाडौं उपत्यका बाहेकका अन्य जिल्ला स्थित विभिन्न योजना/आयोजनाहरूका लागि देहाय बमोजिमका सेवा, समूह र उपसमूह र संख्यामा देहाय बमोजिमको योग्यता भएका प्राविधिक कर्मचारी सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस मन्त्रालयमा दरखास्त दिन हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. विज्ञापन नं. र सेवा सम्बन्धी विवरणः

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | उपसमूह | माग संख्या |
|---|---|---|---|---|---|---|
| १/२०७९/८० | इन्जिनियर | अधिकृत सातौं | इन्जि. | सिभिल | जनरल | ८ |
| २/२०७९/८० | इन्जिनियर | अधिकृत सातौं | इन्जि. | सिभिल | वि.एण्ड आर्क. | ६ |
| ३/२०७९/८० | सब-इन्जिनियर | सहायक पाँचौं | इन्जि. | सिभिल | हाइवे | २४ |

२. आवश्यक न्यूनतम शैक्षिक योग्यताः

(क) इन्जिनियर तह ७, सिभिल/हाइवेः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित सिभिल इन्जिनियरिङ्ग वा हाइवे वा ट्रान्स्पोर्टेशन वा स्ट्रक्चरल विषयमा बी. ई. वा सो सरह उत्तीर्ण भई इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ।

(ख) इन्जिनियर तह ७, सिभिल/वि.एण्ड आर्कः मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल/ सिभिल इन्जिनियरिङ्ग विषयमा वि.आर्क. /बी.ई. वा सो सरह उत्तीर्ण भई इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ।

(ग) सब इन्जिनियर पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सेवा समूहसँग सम्बन्धित सिभिल इन्जिनियरिङ्ग विषयमा प्रवीणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको।

३. परीक्षाको किसिमः शैक्षिक योग्यता, पूर्व कार्य अनुभवको मूल्याङ्कन तथा अन्तर्वार्ता ।

४. दरखास्त पाइने स्थानः दरखास्त फाराम भौतिक पूर्वाधार विकास मन्त्रालयको वेबसाइट https://mopid.bagamati.gov.np/ बाट प्राप्त गर्न सकिनेछ ।

५. दरखास्त दिने अन्तिम मितिः २०७९/११/१८ गते दिनको कार्यालय समय सम्म । दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय खुलेको दिन बुझाउन सकिनेछ ।

६। <u>उम्मेदवारको उमेरको हद:</u> दरखास्त दिने अन्तिम मिति सम्म सातौं तहको लागि २१ वर्ष पूरा तथा पाँचौं तहको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने । महिलाको उम्मेदवारको हकमा उमेरको पछिल्लो हद ४० वर्ष ननाघेको हुनु पर्नेछ।

७। <u>अन्तर्वार्ता हुने मितिः</u> सूचनामा मिति तोकि प्रकाशन गरिनेछ ।

८। <u>तलब सुविधाः</u> सम्बन्धित पदःतहले पाउने प्रचलित शुरू तलब स्केल बमोजिम हुने ।

९। <u>सेवा करारमा रही काम गर्नुपर्ने स्थान र कामको विवरण:</u> भौतिक पूर्वाधार विकास मन्त्रालयले तयार गरेको कार्य विवरण र करार सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुने ।

१०। <u>दरखास्तसाथ उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरू:</u>

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) शैक्षिक योग्यताको लब्धाङ्कपत्रको प्रतिलिपि,
(ग) शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
(घ) शैक्षिक योग्यताको समकक्षता आवश्यक हुनेको हकमा सो निर्धारण भएको कागजातको प्रतिलिपि
(ङ) सातौं तहको लागि इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
(च) कार्य अनुभव ९यदि भएमा० को सम्बन्धित निकायबाट जारी भएको प्रमाणित पत्र

<u>द्रष्टव्यः</u>

(क) तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा दरखास्तसाथ पेश गर्नुपर्ने कागजात संलग्न नगरेको वा तोकिएको अन्य विवरण नखुलेको दरखास्त स्वीकृत गरिने छैन ।

(ख) अन्तर्वार्ता हुने दिन उम्मेदवारले दरखास्तसाथ पेश गरेका कागजातको सक्कलै प्रति साथमा लिई अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १ (एक) घण्टा अगावै तोकिएको स्थानमा उपस्थित भई सबै सक्कल कागजात पेश गरी रुजू गराउनु पर्नेछ ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्नेछ ।

(घ) उम्मेदवारले यस सम्बन्धमा थप कुनै कुरा बुझ्नु परेमा मन्त्रालयको प्रशासन महाशाखा (टेलिफोन नं. ०५७।५२६८०४) मा सम्पर्क गरी बुझ्न सकिनेछ । साथै यस विज्ञापनका सम्बन्धमा जारी हुने थप सूचना तथा संशोधन सम्बन्धी जानकारी तथा सूचनाहरू सूचना पाटी तथा मन्त्रालयको वेबसाइटमा राखिने भएकोले दरखास्त दिने उम्मेदवारले नियमित रूपमा वेबसाइट हेर्नु हुन जानकारी गराइन्छ ।